अनुसूची- १०
(दफा ९को उपदफा (२) सँग सम्बन्धित)
नेपाल सरकार

**जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेत**

**सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना**

सूचना नं.-०१

**प्रथम पटक प्रकाशित मिति- २०८३/०३/०४**

यस कार्यालयमा रहेको प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र बोलपत्र खरिद गरी ८ औं दिनमा दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति फर्म संस्था वा कम्पनीलाई आव्हान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फारममा उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ ।

**लिलाम बिक्रि हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्युनतम कायम मुल्य रु २,०२,३३५।-(अक्षरुपी दुई लाख दुई हजार तिन सय पैंतिस मात्र) रहेको छ ।**

प्र. जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेत

# सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम विक्रीकोलागि बोलपत्र आव्हानको सूचना

सूचना नं. ०१

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/०४**

यस जिल्ला समन्वय समितिको कार्यालयमा मौज्दातमा रहेका लिलाम विक्री गर्नु पर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलामबिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ती फर्म संस्था वा कम्पनीले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरुले जिल्ला समन्वय समितीको कार्यालयको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताहरुले २०८३/०३/१० गते सम्म कार्यालय समय भित्र फिर्ता नहुने गरि रु १०००|- रुपैया रकम राष्ट्रिय बाणिज्य बैङ्क स्थित यस कार्यालयको राजस्व खाता नं १०००१००२०००१०००० कार्यालय कोड नं. ३६५००६८०१ राजस्व शीर्षक नं १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित बोलपत्र दाताको फर्मदर्ता प्रमाण पत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निबेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु ८ औ दिनको २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।

जिल्ला समन्वय अधिकारी

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैङ्क सुर्खेत शाखामा रहेको धरौटी खाता नं. ४०८०१००१०२०३०००० मा जम्मा गरि सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत विड वण्ड पेश गर्नु पर्ने छ ।

७. बोलपत्रदाताले बोलपत्र भर्दा प्याकेज बमोजिम भर्नु पर्नेछ बोलपत्र फारमभित्र रहेको प्याकेज मध्ये एउटा प्याकेज मात्र पनि भर्न सकिने छ । बोलपत्र स्वीकृत गर्दा प्याकेजगत रुपमा नै सबैभन्दा अधिकतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

नि. जिल्ला समन्वय अधिकारी